# लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको

## एक्काईसौं (२१ औं) वार्षिक साधारण सभाको

### काम कारवाहीको विवरण (माईन्यूट)

**१. प्रारम्भिकः**

कम्पनी ऐन २०६३ र यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको नियमावली बमोजिम कम्पनीको २१ औं वार्षिक साधारण सभा श्री सिद्धार्थ महान्ति ज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो।

**२. सभा भएको मिति, स्थान र समयः**

मितिः २०८० साल मंसिर १८ गते सोमबार (४ डिसेम्बर २०२३)

स्थानः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर।

समयः बिहान ११.१५ बजे प्रारम्भ भई अपरान्ह १२.४५ बजे सम्पन्न।

**३. सभाको सूचनाः**

यस कम्पनीको २१ औं वार्षिक साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम ९ अनुसार प्रथम पटक २०८०/०७/२१ गतेको नयाँ पत्रिका दैनिक, दोस्रो पटक २०८०/०८/१० गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित सूचना एवं यस कम्पनीको वेभसाइटमा राखिएको सूचना बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषय सूचिको साथै आ.व. २०७८/७९ को संक्षिप्त बार्षिक आर्थिक विवरण सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो।

**४. छलफल गरिएका विषय सूचिः**

छलफलका विषयहरुः

**(क) साधारण प्रस्तावहरुः**

(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०७८/०७९ प्रस्तुत गरी अनुमोदन गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७८/०७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने।

(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७९/०८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने। (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री पिएल श्रेष्ठ एण्ड कम्पनी पुनः नियुक्त हुन योग्य हुनुहुन्छ)

Life Insurance Corporation (Nepal) Ltd.

**(ख) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु ।**

**५. उपस्थिति:**

५.१ <u>सञ्चालकहरुको उपस्थितिः</u>

| | | | |
|---|---|---|---|
| (क) | श्री सिद्धार्थ महान्ति | - | सञ्चालक अध्यक्ष (विद्युत्तिय माध्यम) |
| (ख) | श्री तबलेश पाण्डेय | - | सञ्चालक (विद्युत्तिय माध्यम) |
| (ग) | श्री अशोक कुमार अग्रवाल | - | सञ्चालक |
| (घ) | श्री प्रविन कुमार मोलरी | - | सञ्चालक (विद्युत्तिय माध्यम) |
| (ङ) | श्री प्रणय कुमार | - | सञ्चालक/ प्रमुख कार्यकारी अधिकृत |
| (च) | श्रीमती कोमल अग्रवाल | - | संचालक |

५.२ <u>कम्पनी पदाधिकारीको उपस्थितिः</u>

| | | | |
|---|---|---|---|
| (क) | श्री रोहित बुदियाल | - | प्रमुख - सूचना प्रविधि विभाग |
| (ख) | श्री सुदर्शन गिरी | - | कम्पनी सचिव |
| (ग) | श्री श्रीखण्ड श्रेष्ठ | - | बरिष्ठ मुख्य प्रबन्धक |
| (घ) | श्री सिर्जना नेपाल | - | बरिष्ठ मुख्य प्रबन्धक |
| (ङ) | श्रीमती ममता पौडेल | - | प्रमुख - पोलिसी सर्भिसिङ विभाग |
| (च) | श्रीमती सबिना श्रेष्ठ | - | प्रमुख - अण्डरराइटिङ विभाग |
| (छ) | श्रीमती संगीता मैनाली | - | प्रमुख - लगानी विभाग |
| (ज) | श्री गिरिराज घिमिरे | - | प्रमुख - अफिस सर्भिस विभाग |
| (झ) | श्री प्रकाशभक्त उपाध्याय | - | प्रमुख - मार्केटिङ्ग विभाग |
| (ञ) | श्री दामोदर पौड्याल | - | प्रमुख - लेखा विभाग |
| (ट) | श्रीमती चन्चला जोशी | - | प्रमुख- दावी भुक्तानी विभाग |
| (ठ) | श्री बिनेश रौनियार | - | प्रमुख- जोखिम विभाग |

साथै स्थानीय शाखा कार्यालयहरुका प्रमुखहरु र कर्पोरेट कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको ।

५.३ <u>नियमनकारी निकायः</u>

श्री अर्जुन खड्का - सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय

**६. शेयरधनीहरुको उपस्थिति:**

भौतिक रुपमा जम्मा उपस्थित संख्याः १३८

Life Insurance Corporation (Nepal) Ltd.

७. **गणपुरक संख्या एवं वैधानिकता:**

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या (संस्थापक/ सर्वसाधारण समूह) | १९,२४० जना | १३८ | ७२.४५ % |
| शेयरधनीहरुले ग्रहण गरेको कित्ता | २,६५,३२,००० कित्ता | १,९२,२३,२७९ कित्ता | |

सभाको प्रारम्भमा उद्घोषकको रुपमा कम्पनी सचिव श्री सुदर्शन गिरीले यो २१ औं वार्षिक साधारणसभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनुभयो ।

८. **सभाको अध्यक्षता र सभा सञ्चालन:**

कम्पनीको २१ औं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१५(ग) बमोजिम सञ्चालक श्री सिद्धार्थ महान्ति ज्यूले गर्नुभयो । प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ को अधिनमा रही सभाध्यक्ष श्री सिद्धार्थ महान्ति ज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

९. **२१ औं वार्षिक प्रतिवेदनको प्रस्तुति:**

सभामा २१ औं वार्षिक प्रतिवेदन २०७८/७९ प्रस्तुत गर्न अध्यक्षज्यूलाई अनुरोध गरिएपछि अध्यक्ष श्री सिद्धार्थ महान्ति ज्यूले कम्पनीको २१ औं वार्षिक प्रतिवेदन अंग्रेजी भाषामार्फत् सभामा प्रस्तुत गर्नुभयो ।

१०. **छलफलका लागि आह्वान:**

अध्यक्षज्यूद्वारा वार्षिक प्रतिवेदन र वासलातको प्रस्तुतिपछि सो सम्बन्धमा आ-आफ्नो प्रश्न, जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गरिदिन कम्पनी सचिवद्वारा शेयरधनी महानुभावहरुलाई आह्वान गरियो । यसै क्रममा देहायका शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनुभयो ।

(क) श्री डमरू बल्लभ घिमिरे
(ख) श्री सत्रुधन श्रेष्ठ
(ग) श्री सुदिप श्रेष्ठ
(घ) श्री व्यास कुमार शर्मा
(ङ) श्री ब्रम्हदेव शाक्य
(च) श्री उद्वव प्रसाद घिमिरे
(छ) श्री रामगोपाल महर्जन

Life Insurance Corporation (Nepal) Ltd.

(ज) श्री निरुपमा गुप्ता

(झ) श्री नरसिंह लाल चखूँ (लिखित मन्तव्य)

(ञ) श्री बैजुनाथ रौनियार

११. **प्रस्तुत गरिएका जिज्ञासा एवं सुझावहरुः**

(क) शेयरधनी श्री डमरू बल्लभ घिमिरेले यस आर्थिक वर्षमा पनि कम्पनीले लाभांश प्रदान नगरेकोमा दुःख लागेको भएता पनि सबै शेयरधनी महानुभावहरूलाई उदास नहुन अनुरोध गर्नुभयो। हकप्रद शेयर निष्काशन गर्ने प्रक्रिया नेपाल धितोपत्र बोर्डमा पेश भई स्वीकृतिको अन्तिम चरणमा रहेको कारणले गर्दा यो वर्ष कम्पनीले लाभांश प्रदान नगरेको हो, हकप्रद शेयर निष्काशन गर्ने प्रक्रिया समाप्त भएपछि कम्पनीले लाभांश प्रदान गर्नेमा ढुक्क हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आग्रह गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो।

(ख) शेयरधनी श्री सत्रुधन श्रेष्ठले कम्पनीले हकप्रद शेयर चाँडो भन्दा चाँडो निष्काशन गर्न सुझाव दिदैं कम्पनीले व्यवसाय विस्तारमा आक्रामकता ल्याउनु पर्नेमा जोड दिनुभयो र साथै आगामी दिनमा यस कम्पनीको सबै सुचकहरु उत्कृष्ट होस् भनी शुभकामना दिनु भयो।

(ग) श्री सुदिप श्रेष्ठज्यूले संचालकको प्रतिवेदन अंग्रेजी र नेपाली भाषा दुबैमा प्रस्तुत गरिएकोले शेयरधनीहरुलाई अध्ययन एवं विश्लेषण गर्न सजिलो भएको भन्दै खुशी व्यक्त गर्नुभयो र साथै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दै यथाशक्य चाँडो हकप्रद शेयर जारी गर्न अनुरोध गर्नु भयो।

(घ) श्री व्यासकुमार शर्माज्यूले विषम परिस्थितिमा पनि कम्पनीले नाफा आर्जन गर्न सफल भएकोमा खुशी व्यक्त गर्नुभयो। बजारमा अस्वस्थ प्रतिस्पर्धा बढेकोले संलाचन खर्चमा मितव्ययिता ल्याउनु पर्ने र कर्मचारीहरूको क्षमताको भरपुर सदुपयोग गर्दै कम्पनीलाई उच्च लाभांश प्रदान गर्न सक्ने हैसियतमा पुऱ्याउन सबै सरोकारवालाहरुले आ-आफ्नो स्थानबाट सहयोगीको भूमिका खेल्नु पर्नेमा जोड दिनु भयो।

(ङ) श्री ब्रम्हदेव शाक्य ज्यूले आ.व. २०७८/७९ मा बीमा व्यबसाय गर्ने मध्ये सबै भन्दा बढी आयकर दाखिला गरी नेपाल सरकारबाट सम्मानित भएकोमा खुशी व्यक्त गर्दै कम्पनीका संचालक समिति, व्यवस्थापन समूह र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिनु भयो र आगामी वार्षिक साधारण सभा चाँडो भन्दा चाँडो सम्पन्न गर्न सुझाव दिनु भयो।

(च) श्री उद्वव प्रसाद घिमिरे ज्यूले वित्तीय विवरण सरसर्ती अध्ययनगर्दा सन्तोषजनक नै रहेको भनी कम्पनीलाई धन्यवाद दिनुभयो। उहाँले आगामी वर्षको EPS र DPS मा वृद्दि होस् र आ.व. २०७९/८० को वार्षिक साधारण सभा चाँडै सम्पन्न होस् भन्ने जिज्ञासा राख्नुभयो।

(छ) श्री रामगोपाल महर्जन ज्यूले कम्पनीले इक्युटीमा गरेको लगानीमा घाटा भएको र प्रति शेयर आम्दानी पनि घटेको देखिएकोले सो तर्फ ध्यान दिन आग्रह गर्नुभयो।

(ज) श्री निरुपमा गुप्ताले कम्पनीले व्यवस्थापन खर्चलाई अझै सीमा भित्रै राखी, हकप्रद शेयर चाँडै निष्काशन गर्दै आगामी वर्षको लाभांशमा बृद्दि गरोस् भन्ने चाहना व्यक्त गर्नु भयो ।

(झ) श्री नरसिंह लाल चखूँले लिखित मन्तव्य दिदैं आ.व. २०७९/८० को वार्षिक साधारण शभा यथाशक्य चाँडो सम्पन्न गर्न र लाभांश वितरण गर्न जोड दिनु भयो । त्यसै गरी कम्पनीले आन्तरिक नियन्त्रण प्रणाली र सुशासन कायम गर्न सचेत हुनुपर्नेमा जोड दिदैं यथाशक्य हकप्रद शेयर जारी गरी तोकिएको न्यूनतम चुक्ता पूँजी कायम गर्न सुझाव दिनुभयो ।

(ञ) श्री बैजुनाथ रौनियारले नेपाल बीमा प्राधिकरणले आ.व. २०७८/७९ को वित्तिय विवरण स्वीकृत गर्दा केही शर्तसहित स्वीकृत गरेको देखिएको छ, त्यस्ता शर्त एवं कैफियतहरूमा आगामी दिनमा सुधार हुँदै जाओस् र कम्पनी संस्थागत सुशासन पालनामा अब्बल ठहरियोस् भनी कामना गर्नु भयो ।

## १२. शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति प्रतिउत्तर:

सभाध्यक्ष श्री सिद्धार्थ महान्ति ज्यूले शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति सामुहिक जवाफ दिनुहुँदै शेयरधनीहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकरात्मक प्रतिक्रिया र सुधारका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि हार्दिक आभार प्रकट गर्नु भयो । यस वर्ष कम्पनीको लगानीमा वृद्दि भई सो मा हुने आम्दानीमा पनि वृद्दि भएको, बीमा व्यवसाय गर्ने मध्येहरुबाट सर्वाधिक कर दाखिला गरी नेपाल सरकारबाट सम्मानित भएको र रेटिङमा कम्पनीले “A” स्तर प्राप्त गरेको जानकारी साधारण सभालाई गराउँदै यसको श्रेय सबै सरोकारवालाहरूलाई जाने भनी खुशी व्यक्त गर्नुभयो ।

त्यसै गरी सभाध्यक्षज्यूको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री प्रणय कुमारले शेयरधनीहरुको थप प्रश्न र जिज्ञासाहरुप्रति सामूहिक प्रतिउत्तर दिई सवै शेयरधनी महानुभावहरुको जिज्ञासालाई मेट्ने कार्य गर्नु भयो । आगामी वर्षको लाभांशबारे चर्चा गदै श्री कुमारले कम्पनीको सवै लगानीहरु नेपाल बीमा प्राधिकरणको लगानी सम्बन्धि निर्देशिका बमोजिम नेपालभित्रै उत्कृष्टतवरले गरिएको र शेयरधनी महानुभावहरूलाई उच्च प्रतिफल दिने तर्फ भरमग्दुर प्रयास गरिने जानकारी गराउनु भयो ।

हकप्रद शेयर कहिले जारी गर्ने भन्ने शेयरधनी महानुभावहरुको जिज्ञासाको सन्दर्भमा यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. हकप्रद शेयरको निष्काशन सम्बन्धी सम्पूर्ण प्रकियाहरू पुरा गरी नेपाल धितोपत्र बोर्डमा आवेदन गरीसकेको र त्यहाँबाट अनुमति प्राप्त हुनासाथ हकप्रद शेयर जारी गरिने तथ्य जानकारी गराउनु भयो ।

त्यसैगरी कम्पनीको आफ्नै कर्पोरेट भवन कहिले निर्माण हुने भन्ने जिज्ञासामा श्री कुमारले हाल कम्पनीको स्वामित्वमा रहेको आफ्नै जगामा भवन बनाउने निश्चित भइसकेको र सो बारेमा प्राविधिक अध्ययन भरहेको सभालाई जानकारी गराउनु भयो ।

Life Insurance Corporation (Nepal) Ltd.

हाल लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. ले ७६ शाखा कार्यालयहरु, ६ प्रादेशिक कार्यालय तथा १ कर्पोरेट कार्यालयबाट संस्थागत सुशासन कायम राख्दै सेवा दिईरहेको बताउनु भयो। शेयरधनी महानुभावहरुको अमुल्य सुझावहरुलाई ग्रहण गर्दै सोही अनुरुप भविष्यमा कार्यान्वयन गरिने प्रतिबद्धता जनाउनु भयो।

**१३. सभाको निर्णय:**

**(क) साधारण प्रस्ताव अन्तर्गत भएका निर्णयहरु:**

(१) अध्यक्षज्यूले राख्नुभएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७८/०७९ सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७८/०७९ को वासलात, आय-व्यय हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई सर्वसम्मतिका साथ पारित गरियो।

(३) आ.व.२०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा यस कम्पनीको लेखा परिक्षण समितिको सिफारिस बमोजिम श्री पि.एल. श्रेष्ठ एन्ड कम्पनीलाई मु.अ.क बाहेक रू ५,५०,०००/- (अक्षरेपी रू. पाँचलाख पचास हजार मात्र) पारिश्रमिक निर्धारण गरि लेखा परिक्षकको रुपमा नियुक्त गर्न कम्पनीको संचालक समितिमा छलफल भई शभामा राखिएको प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

**(ख) अध्यक्षको अनुमतिले अन्य कुनै विषय नरहेको जानकारी गराइयो।**

**१४. धन्यवाद ज्ञापन र विसर्जन:**

अन्त्यमा, सभाध्यक्ष श्री सिद्धार्थ महान्ति ज्यूले शभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस लाइफ इन्स्योरेन्श कर्पोरेशन (नेपाल) लि. को २१ औं वार्षिक साधारणसभा भव्य र शभ्य रुपमा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्नमा सहयोग गरिदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै अपरान्ह १२.४५ बजे सभाको विसर्जन गर्नुभयो।

..................
श्री सुदर्शन गिरी
(कम्पनी सचिव)

Life Insurance Corporation (Nepal) Ltd.

........................
श्री सिद्धार्थ महान्ति
(अध्यक्ष)